आज मिति २०७९/०६/२७ गते विहिबार विहान ७:०० बजे यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. ०७९/०८० को पाचौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारांयण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगि    अन्जना सुवेदी    अधिकृतस्तर सातौं तह

२०७९ आश्विन २७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका बैठकमा छलफलको विषयवस्तु

१. ढुंगा, गिट्टी, वालुवा ठेक्कामा परेको २०७८-CP-०५९४ मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा ।

२. विभिन्न व्यक्ति संस्थाबाट भुक्तानी/पेश्की माग भई आएको र भुक्तानी/पेश्की उपलब्ध गराइएको सम्बन्धमा ।

३. ठेक्कामा सञ्चालित विभिन्न निर्माण व्यावसायी सम्झौता अवधि समाप्त भई म्याद थप माग गरेको सम्बन्धमा ।

४. मनहरी गाउँपालिका महिला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती, प्रदेश नेपाल

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित शिवशक्ति ईन्फ्रा डेभलपर्स प्रा.लि.का संचालक लक्ष्मी प्रसाद पाठकले मकवानपुर जिल्ला अदालतमा २०७८-CP-०५९४ को करार बमोजिमको रकम क्षतिपुर्ति दिलाई पाउँ भनि यस मनहरी गाउँपालिकाको कार्यालय, गाउँसभा तर्फवाट उक्त मुद्दामा प्रतिउत्तर पत्र तयार गरी मुद्दामा प्रतिपाद गर्न, तारेख लिन र कानुन ब्यवसायी मुकरर गर्ने काम गर्न यस गाउँपालिका कार्यालयको न्यायिक सहजकर्ता श्री रेखा सापकोटालाई अख्तियारी दिने र मुद्दामा प्रतिउत्तर पत्र तयार गर्ने र पुर्पक्ष गर्न कानून व्यावसायी नियुक्त गरी सो वापत लाग्ने खर्च समेत गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

२.प्रस्ताव नं २ माथी छलफल गर्दा तपसिल बमोजिमको रकम भुक्तानी/पेश्की माग भएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | रकम उपलब्ध गराईएको व्यक्ति/संस्था | प्रयोजन | उपलब्ध रकम | कैफियत |
|---|---|---|---|---|
| १. | स्टेट भिजन प्रा.लि. हेटौडा ४ | सन्देशमूलक सूचना प्रकाशन | १०,०००। | भुक्तानी |
| २. | प्रकाशमान थिङ, ह.स.चा. | भिमफेदी कारागारमा रहेका गाउँपालिकाभित्रका कैदीबन्दीलाई दँशै(पर्व) मनाउन सहयोग | २५०००। | पेश्की |

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत



३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायका निर्माण कार्यका ठेक्काहरु निर्माण सामग्रीको उपलब्धतामा कठिनाई, स्थानीय निर्वाचन, प्रतिकूल मौसम जस्ता बिबिध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको म्याद थप गरी तिब्र कार्य समाप्तिका निम्ति निर्देशन दिने निर्णय गरियो ।

| क्र. स. | योजनाको नाम | निर्माण व्यवसायी | म्याद रहेको अन्तिम मिति | समयावधी माग हुन आएको | थप गरिएको समयावधी |
|---|---|---|---|---|---|
| १ | प्रतापुर सडक स्तरीकरण | सुन्दर नेपाल निर्माण सेवा | २०७९।०६।२५ | २०७९।०८।२५ | २०७९।०८।२० |
| २ | वडा नं १ वडा कार्यालय भवन | तरुण कन्स्ट्रकस्न | २०७९।०६।२० | २०७९।०७।२५ | २०७९।०७।२५ |
| ३ | वडा नं ७ र ९ वडा कार्यालय भवन | रत्न कुमारी एण्ड सन्स् बिल्डर्स | २०७९।०६।१५ | २०७९।०७।२५ | २०७९।०७।२५ |
| ४ | रुपाचुरी सडक स्तरीकरण | जय भैरव निर्माण सेवा | २०७९।०६।१५ | २०७९।०७।२५ | २०७९।०७।२५ |
| ५ | सामुदायिक स्वास्थ्य ईकाई भवन वडा नं १,२,४,५,८ र ९ | गुरुकूल बिल्डर्स | २०७९।०६।१५ | २०७९।०८।१५ | २०७९।०८।३० |
| ६ | डिल्लिपुर सडक स्तरीकरण | रिहान निर्माण सेवा | २०७९।०६।१५ | २०७९।०९।२५ | २०७९।०९।३० |
| ७ | वडा नं ८ र ९ सिमा सडक नर्माण | माईरा एण्ड कन्सट्रकसन र सन्तानु निर्माण सेवा जे. भि. | २०७९।०६।१५ | २०७९।०९।२५ | २०७९।०९।३० |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा साविकमा रहेको मनहरी गाउँपालिका महिला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७५ समय सापेक्ष हुने गरि समिति गठनका केही प्रावधानलाई संशोधन गरि पारित गर्ने र राजपत्रमा प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिले पारित गरि बैठक समापन गरियो ।

रञ्जन कोलाखेती
अध्यक्ष